इनर्जी डेभलोपमेन्ट काउन्सिल
Energy Development Council
Heritage Plaza II (Block C & D), Kamaladi, Kathmandu, Nepal
P.O. Box no. 516, Phone: +977-1-4169116/4169117, Fax: +977-1-4169118
Email: info@edcnepal.org, website: www.edcnepal.org

## नेपालको ऊर्जा सुरक्षा

| सि.नं. | गर्नुपर्ने निर्णयहरु | सम्बद्ध मन्त्रालय | समय सीमा |
|---|---|---|---|
| १. | विद्युतीय सवारी साधन, विद्युतीय खाना पकाउने चुल्हो र ऊर्जा सम्बद्ध सबै आयोजनामा सबै प्रकारका कर, महसुल तथा मूल्य अभिवृद्धि कर (भ्याट) ०.१% मा झार्ने | अर्थ मन्त्रालय/मन्त्रिपरिषद् निर्णय/अध्यादेश | अल्पकाल |
| २. | विद्युतीय सवारी साधन, विद्युतीय चुल्हो, सौर्य ऊर्जाका सामग्री, जलविद्युत्का इलेक्ट्रोमेकानिकल, हाइड्रोमेकानिकल उपकरणहरु 'एसेम्बल्ड इन नेपाल' का लागि निम्न सुविधाहरु दिने :<br>क) आयातीत पार्टपूर्जामा शून्य भन्सार दर<br>ख) शून्य मूल्य अभिवृद्धि कर<br>ग) १० वर्षका लागि आयकर छूट र त्यसपछिको पाँच वर्षका लागि आयकरमा ५० प्रतिशत छूट<br>घ) लगानीकर्ताले चाहेमा उक्त उद्योग स्वतः विशेष आर्थिक क्षेत्रभित्र राख्ने<br>ङ) विद्युतीय सवारी साधनमा ११ औं वर्षको ह्रासकट्टी एकैपटक गर्न पाउने व्यवस्था<br>च) विद्युतीय सवारी साधनका लागि सरकारी बैंकबाट औसत बजारको ब्याजदरभन्दा २ प्रतिशत कममा ऋण उपलब्ध गराउने र विद्युतीय सवारी साधन उपयोग गर्ने र विद्युतीय चुल्हो प्रयोग गर्ने उपभोक्तालाई बजारको औसत ब्याजदरभन्दा तीन प्रतिशत सस्तोमा ऋण उपलब्ध गराउने<br>छ) विद्युतीय सवारी साधानको एसेम्ब्ली प्लान्टलाई नियमित विद्युत आपूर्तिको ग्यारेन्टी गर्ने<br>ज) सबै सरकारी स्वीकृति हटाउने<br>झ) बहुवर्षीय नवीकरण हुने सुविधासहित कम्तीमा ३० वर्षका लागि सरकारले लिजमा जग्गाको बन्दोबस्ती गरिदिने र एसेम्बली प्लान्टको निर्माण सामग्रीमा भ्याट नलिने<br>ञ) श्रम विवाद तथा आमहडतालका कारण बन्द भएमा र गुण्डागर्दीका कारण तोडफोड भएमा उचित क्षतिपूर्ति दिने<br>ट) विदेशी कामदार र परामर्शदाताका लागि एकैपटक पाँच वर्षको वर्किङ | अर्थ मन्त्रालयमार्फत मन्त्रिपरिषद् निर्णय/अध्यादेश/वार्षिक बजेट | अल्पकाल |

इनर्जी डेभलोपमेन्ट काउन्सिल
Energy Development Council
Heritage Plaza II (Block C & D), Kamaladi, Kathmandu, Nepal
P.O. Box no. 516, Phone: +977-1-4169116/4169117, Fax: +977-1-4169118
Email: info@edcnepal.org, website: www.edcnepal.org

| | | | |
|---|---|---|---|
| | भीसा दिने<br>ठ) एसेम्ब्ली कम्पनीलाई 'कमर्सियल्ली इम्पोटेन्ट पर्सन' (सीआइपी) को सम्मान दिने<br>ड) नेपालमा बनेका त्यस्ता उत्पादनलाई विदेश निर्यात गर्दा कर र भन्सार नलिने | | |
| ३. | सबै प्रकारका सौर्य ऊर्जामा समान कर युक्तिसंगत संरचना लागू गर्ने, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र नवीकरणीय ऊर्जा परीक्षण केन्द्रको पूर्व स्वीकृति अन्त्य गरी पारदर्शी प्रणाली अवलम्बन गर्ने | अर्थ मन्त्रालयमार्फत मन्त्रिपरिषद् निर्णय/अध्यादेश | अल्पकाल |
| ४. | घरको छतमा सौर्य पाता (सोलार रुफ टप) प्रवर्द्धनमा जोड दिने र केन्द्रीइ नवीकरणीय ऊर्जा कोषमा सहज पहुँच वृद्धि गर्ने | अर्थ मन्त्रालय | अल्पकाल |
| ५. | नेपाल-चीनबीच वीप्पा सम्झौता गर्ने | अर्थ मन्त्रालय/मन्त्रिपरिषद् | अल्पकाल |
| ६. | नेपाल-चीनबीच विद्युत् व्यापार सम्झौता ( पीटीए) गर्ने | ऊर्जा मन्त्रालय र मन्त्रिपरिषद्बाट स्वीकृति | अल्पकाल |
| ७. | मन्त्रिपरिषद्ले नियुक्त गरेको स्वतन्त्र विज्ञको कमिटीमार्फत नेपालको विद्युत् ऐन मस्यौदा तीन महिनाभित्र तयार गर्ने | मन्त्रिपरिषद् | अल्पकाल |
| ८. | देशभर सोलार माइक्रोग्रीड विकास गरी उपभोक्तालाई विद्युत् आपूर्ति गर्न निजी क्षेत्रलाई सहभागी गराउने | विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय/मन्त्रिपरिषद् | अल्पकाल |
| ९. | सबै जलविद्युत् तथा ऊर्जा आयोजनासित 'लेऊ वा तिर' (टेक अर पे) मा आधारित विद्युत् खरीद सम्झौता (पीपीए) गर्ने, र प्रसारणयोग्य ( डिस्प्याचेबल) पीपीए बन्द गर्ने | मन्त्रिपरिषद् निर्णयबाट ऊर्जा मन्त्रालय मार्फत नेपाल विद्युत् प्राधिकरणलाई निर्देशन दिने | अल्पकाल |
| १०. | आगामी सन् २०२० को डिसेम्बरभित्र पूरा भई व्यापारिक उत्पादन सुरु गर्ने सम्पूर्ण जलविद्युत् आयोजनाका लागि पीपीए दरमा वृद्धि र पीपीए अवधिभर वार्षिक वृद्धिको व्यवस्था गर्ने | मन्त्रिपरिषद् निर्णयबाट ऊर्जा मन्त्रालय मार्फत नेपाल विद्युत् प्राधिकरणलाई निर्देशन दिने | अल्पकाल |
| ११. | सौर्य, फोहोर, र अन्य नवीकरणीय ऊर्जाबाट उत्पादित बिजुलीलाई पोस्टेड रेट घोषण गर्ने | मन्त्रिपरिषद् निर्णयबाट ऊर्जा मन्त्रालय मार्फत नेपाल विद्युत् प्राधिकरणलाई निर्देशन दिने | अल्पकाल |
| १२. | सय मेगावाटसम्मका आयोजनाका लागि वातावरणीय प्रभाव मूल्यांकन (इआईए) गर्नुनपर्ने त्यसको साटो प्रारम्भिक वातावरणीय परीक्षण (आईईई) मात्र गरे पुग्ने र प्रसारण लाइनका लागि पनि सोही एउटै आईईई गरे पुग्ने | ऊर्जा मन्त्रालय, वातावरण मन्त्रालयमार्फत मन्त्रिपरिषद्/अध्यादेश | अल्पकाल |
| १३. | जलाशययुक्त विद्युत् आयोजनाको पोस्टेड | ऊर्जा मन्त्रालयमार्फत विद्युत् | अल्पकाल |

Heritage Plaza II (Block C & D), Kamaladi, Kathmandu, Nepal
P.O. Box no. 516, Phone: +977-1-4169116/4169117, Fax: +977-1-4169118
Email: info@edcnepal.org, website: www.edcnepal.org

| | | | |
|---|---|---|---|
| | पीपीए दर घोषणा गर्ने | प्राधिकरणलाई निर्देशन दिने | |
| १४. | हालै स्थापित राष्ट्रिय प्रसारण लाइन कम्पनीमार्फत नेपालमा निर्माण हुने सबै प्रकारका प्रसारण लाइन आयोजनासम्बन्धी ठेक्का नेपाली सेनालाई दिने र प्रारम्भिक वातावरणीय परीक्षण (आईईई) बाहेक सबै प्रक्रिया खारेज गर्ने | ऊर्जा मन्त्रालय र रक्षा मन्त्रालय मार्फत मन्त्रिपरिषद् | अल्पकाल |
| १५. | वनसम्बन्धी स्वीकृति केवल मन्त्रालय तहबाट मात्र गर्ने र हाल वन मन्त्रालयले जलविद्युत् आयोजनाहरुसित लिंदै आएको 'वातावरणीय सेवा शुल्क' खारेज गर्ने र सरकारलाई जग्गाको साटो जग्गै उपलब्ध गराउनुपर्ने नियम रद्द गर्ने | वन र ऊर्जा मन्त्रालयमार्फत मन्त्रिपरिषद् | अल्पकाल |
| १६. | नेपाल विद्युत् प्राधिकरणको व्यवस्थापन विश्वव्यापी प्रतिस्पर्धामार्फत नियुक्तगर्ने, २५०० मेगावाट उत्पादन गर्ने र प्राधिकरणलाई नाफामा पुऱ्याउने शर्त राख्ने | मन्त्रिपरिषद् बाट ऊर्जा मन्त्रालय | अल्पकाल |
| १७. | विद्युत् प्राधिकरणलाई नदी प्रवाही (रन अफ रिभर) र १०० मेगावाटभन्दा मुनिका आयोजना निर्माणमा प्रतिबन्ध लगाउने | ऊर्जा मन्त्रालयमार्फत विद्युत् प्राधिकरणलाई निर्देशन दिने | अल्पकाल |
| १८. | प्रसारण शुल्क (व्हिलिङ चार्ज) तोकी निजी क्षेत्रलाई बिजुली उत्पादन गर्न दिने | ऊर्जा मन्त्रालय | अल्पकाल |
| १९. | गार्हस्थ्य विद्युत उत्पादनका लागि 'नेट मिटरिङ' र 'फिड इन ट्यारिफ' लागू गर्ने | ऊर्जा मन्त्रालय | अल्पकाल |

ENERGY
DEVELOPMENT COUNCIL